म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ३८ बिहीबार २० भदौ २०८१ ने. सं. ११४४ ञलाथ्व 5 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौँडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

रेडियोले तीजलाई दिइरहेको सन्देश

# १५ वर्षदेखि अनवरत् जागरुक महिलाको खोजी

## यसवर्ष डकर्मी र खेलकर्मी महिला सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ सामान्यतया आमनागरिक्ले मिडियालाई समाजमा घटेका सबै प्रकारका घटनाका समाचार र मनोरञ्जन दिने सहजै लिने गरेको पाइन्छ ।

तर, मकवानपुरमा १५ वर्षदेखि एउटा रेडियोले हरितालिका तीजको अबसरमा समाजमा योगदान पुऱ्याउँदै आएका जागरुक महिलाको खोजी गर्दै तीजको सांस्कृतिक र परम्परागत महत्वबारे बुझाउँदै आएको छ । नागरिक्लाई सूचना बाँडेर समाज सुसूचित गरिरहेको रेडियो दैनिक समाचार र मनोरञ्जनसँगै सामाजिक क्षेत्रको विकासमा योगदान पुऱ्याउँदै आएका महिला र संघसंस्थाको खोजी गरेर उनीहरुको योगदानको कदर पनि गर्दै आएको छ ।

सामाजलाई योगदान पुऱ्याएका महिलाको हौसला बढाउने कार्यमा दिव्यतारा बहुउेश्यीय सहकारी संस्था लिमिटेडबाट सञ्चालित जिल्लाको पहिलो सामुदायिक रेडियो रेडियो मकवानपुर लागेको छ । कोभिड-१९ को संकटको समयमा एकवर्ष छोडेर रेडियो मकवानपुरले १५ वर्षदेखि जागरुक महिला सम्मान गर्दै आइरहेको रेडियोका स्टेशन म्यानेजर गणेश दर्पण अधिकारीले बताए ।

पछिल्लो समय नेपाली समाजमा हरितालिका तीजलाई हेर्ने दृष्टिकोण दुई ध्रुवमा विभाजित छ । एउटा सांस्कृति परम्पराअनुसार सभ्य तीज र अर्को अनेकौं विकृतिले मडारिएको भद्दा तीज । तीजको नाममा परिवारसँगै बसेर सुन्न नसकिने गीत र नृत्यमात्र नभई खानपिनमा मादकपदार्थको प्रयोग बढ्नुले यसको महत्व मास्दै लगेको नागरिक समाजका अगुवाहरु बताउँछन् । यतिसम्म की, तीजको परिभाषा नै बिग्रिएर यसको सुधारका लागि बहससमेत हुने गरेका छन् ।

तीज विशेषत: महिलाको पर्व हो । रेडियो मकवानपुरले विगत १५ वर्षदेखि तीजको अबसरमा सामाजलाई योगदान पुऱ्याएका महिला सम्झिँदै आइरहेको छ । 'तीजमा नाच्ने, गाउने मात्र नभई सामाजलाई नै सन्देश दिने महिलाको खोजी गर्नु र उनीहरुको योगदानको कदर गर्नु महत्वपूर्ण काम हो । यसले अन्य महिलाको हौसला बढाउँछ भने समाजमा महिलाको अगुवाईमा वृद्धिविकास हुन्छ । यो काम गरिरहेको रेडियो मकवानपुरलाई निरन्तरताको आग्रह गर्छु' हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले भने ।

यसवर्ष २०८१ को तीजको अबसरमा डकर्मी र खेलकर्मी महिला सम्मानित भए । सम्मानित हुनेमा हेटौंडा-५ की खेलकर्मी सरेशा ढुंगाना र हेटौंडा-१९ बस्तीपुरकी डकर्मी गौरीमाया सिन्तान छिन् । ढुंगाना तीन दशकदेखि तेक्वान्दो खेलसँग आबद्ध छिन् भने सिन्तान १२ वर्षदेखि डकर्मी पेशामा सक्रिय हुन् । ढुंगाना मकवानपुरबाट तेक्वान्दो खेलको पहिलो महिला मेडलिष्ट हुन् । सिन्तान भने आर्थिक अवस्था कमजोर भएपछि घर बनाउने काममा लागेर महिला मिस्त्रीका रुपमा परिचित छिन् ।

दुवैजनालाई रेडियोले बुधवार जनही नगद १० हजारसहित सम्मानपत्र प्रदान गरेको हो । बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले, प्रदेशसभा सदस्य लक्ष्मीदेवी



श्रेष्ठ र रेडियोका अध्यक्ष आनन्दराम पराजुली, हेटौंडा उपमहानगरका प्रवक्ता न्यौपानेलगायतले नगद, प्रमाणपत्र र दोसल्ला ओढाए ।

रेडियो मकवानपुरले विगतका वर्षमा जागरुक महिला सम्मानबाट दक्षिण एसियाकी पहिलो महिला रेफ्रि तथा पूर्वराष्ट्रिय महिला फुटबलर कल्पना शर्मा, महिलाअधिकारकर्मी माइती नेपालकी माया लामा, शक्ति समूहकी अस्मिता तामाङ, साहित्यकार शान्तिप्रिय बन्दना, मनहरीको तत्कालीन हाँडीखोला गाविसमा झोलुङ्गे पुल बनाउने ईश्वरी (योगमाया) न्यौपाने लगायतका समाजमा योगदान पुऱ्याएका २८ जनालाई सम्मानित गरिसकेको स्टेशन म्यानेजर अधिकारीले बताए ।

रेडियोले तीजमा मात्र नभई १६ माघमा वार्षिकोत्सवको अबसरमा सामुदायिक सम्मान नाम दिएर दुईजना (महिला वा पुरुष) लाई सम्मान गर्दै आएको छ । सामुदायिक सम्मानबट यसअघि अन्तराष्ट्रिय बक्सिङ खेलाडी तथा पिप्लेक्याम्पा रंगशालाको निर्माणकर्ता सुशील घिमिरे (हाल हेटौंडा-५ वडाध्यक्ष), मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारी, मामाघर नेपालका संरक्षक अपर्ण पराजुली, लैगिंकअल्पसंख्यकको क्षेत्रमा सक्रिय किरण थापा, दुर्व्यसनमुक्त समाज निर्माणको अभियानमा लागेका सन्दीप शाक्यलगायत थुप्रै व्यक्तित्वलाई सम्मान प्रदान गरिसकेको स्टेशन म्यानेजर अधिकारीले जानकारी दिए ।

बुधवार तीजको अबसरमा आयोजित महिला सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री काफ्लेले रेडियोले फरक क्षेत्रमा चुपचाप काम गरिरहेका महिलालाई सम्मान गर्नु सकारात्मक पक्ष भएको बताए । सामान्य कामबाट पनि महिलाको जीवनलाई प्रेरित गर्ने जागरुक महिला सम्मान गर्ने रेडियोको कदमको प्रशंसा गर्दै उनले सञ्चार जगतका यस्ता काममा प्रदेश सरकारको साथ रहने उल्लेख गरे । रेडियोका सञ्चालक समिति अध्यक्ष पराजुलीले समाजमा उत्कृष्ट कार्य गर्ने व्यक्तित्वको कामको सम्मान गर्दै उनीहरुको हौसला बढाउनु सामुदायिक सञ्चारमाध्यमको जिम्मेवारी समेत भएको बताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, कांग्रेस मकवानपुरका उपसभापति आनन्द कठायत, हेटौंडा-१ का वडाध्यक्ष तथा उपमहानगरका प्रवक्ता न्यौपाने, ११ नम्बर वडाकी वडाध्यक्ष जुना दाहाल, नेपाल पत्रकार महासंघ मकवानपुरका कार्यबाहक अध्यक्ष ध्रुव अधिकारी, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाट, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, दिव्यतारा बहुउद्देश्यीय सहकारीका अध्यक्ष डा.गणेश लामालगायतले संस्कृतिको जगेर्ना गर्दै तीजलाई सभ्य र भव्य तवरले मनाउनुपर्ने धारणा राखे ।

रेडियोले आयोजना गरेको जागरुक महिला सम्मान तथा विविध सांस्कृतिक कार्यक्रममा कलाकारले प्रत्यक्ष दोहोरी प्रस्तुत गरेका थिए । यस्तै, कार्यक्रममा उत्कृष्ट नृत्य प्रस्तुत गर्ने १० जना सहभागीलाई रेडियोले पुरस्कृत समेत गरेको छ । केदार नाथ सुनचाँदी पसल हेटौंडाको मुख्य प्रायोजनमा भएको कार्यक्रमलाई विभिन्न संघसंस्थाले सहयोग एवम् सहकार्य गरेका थिए ।

# राप्तीखोलामा बाढीमा फसेका ४ जनाको सकुशल उद्दार

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ मकवानपुरको मनहरी गाउँपालिका-५ डिल्लीपुरका ४ जनालाई राप्तीखोलाको भलबाढीबाट बुधबार राति साँढे नौ बजे सकुशल उद्दार गरिएको छ । नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय प्रहरीचौकीका सुरक्षाकर्मी, जनप्रतिनिधि, स्थानीयबासीले उद्दार गरेका हुन् ।

दिउँसो घाम लागिरहेको अवस्थामा ३ जना महिला र एक जना पुरुष राप्तीखोलाको बीचबगरको काँसघारीमा घाँस काट्न गएका थिए । अपरान्ह ४ बजेदेखि परेको पानीले राप्तीमा बाढी आएर बीचबगरमा उनीहरु अलपत्र परेको मनहरी गाउँपालिका-५ का वडाअध्यक्ष दीपेन्द्र अधिकारीले जानकारी दिए । मध्यान्हमा घाम लागेको थियो र स्थानीय पार्वती आचार्य, सुमिना आचार्य, रोशनी सापकोटा, राजकुमार सापकोटा घाँस काट्न खोलाको



बगरमा गएको वडाअध्यक्ष अधिकारीले जानकारी दिए ।

घाँस काटिरहेको समयमा खोलामा अचानक बाढी आएको र चारैतिरबाट बाढीले घेरिएपछि उनीहरु अलपत्र परेका थिए । राप्तीमा साँझपख आएको बाढीले मनहरी गाउँपालिका-५ का वडासदस्य काजीमान स्याङतानको ट्याक्टर बगाएको वडाअध्यक्ष अधिकारीले बताए ।

किसानको बारीमा फलेको काँक्रो टिपेर हेटौंडा बजारमा बिक्री गर्न ल्याउँदै गरेको ६५ बोरा काँक्रो पनि राप्ती खोलाले बगाएको वडाअध्यक्ष अधिकारीले जानकारी दिए ।

राप्तीखोलामा आएको बाढीका कारण बगरको बीच भागमा अलपत्र परेका स्थानीयलाई चितवनको भण्डारा, हेटौंडाको १४ नं. गणका सशस्त्र प्रहरी, सुनाचुरी र सुपारेटार ब्यारेकका नेपाली सेना, नेवारपानी र मनहरी प्रहरीचौकीका प्रहरी र स्थानीयले अढाई घण्टाको प्रयासपछि सकुशल उद्दार गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता लक्ष्मी भण्डारीले बताए ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to T.U.)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५१२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५१०३३३

साझाकुरा

## हाम्रो कुरा

# कलेजमा कि अध्ययनमा तालाबन्दी ?

शैक्षिक संस्थामा तालाबन्दी गर्ने भनेको अध्ययनमा बिर्को लगाउने काम जस्तै हो । शिक्षा वा ज्ञान प्रदान गर्नका लागि खुलेका शैक्षिक संस्थामा तालाबन्दी गर्दा अध्ययन गर्ने विद्यार्थीला नै घाटा पुग्ने हो । त्यसमा पनि तालाबन्दी गर्न विद्यार्थी संगठन नै अगाडि बढेका हुन्छन् । बिगतमा गुरुकूलीन शिक्षा पद्दतिमा तालाबन्दी गर्ने भन्ने चलन थिएन । चौतारोमा सुकुल बिच्छाएर अध्ययन गर्नुपर्ने समयमा कता तालाबन्दी गर्नु ? तर, अहिले शिक्षा आर्जन गर्ने संस्थामा कक्षाकोठाको सुबिधा भएका कारण तालाबन्दी गर्ने सुबिधा थपिएको छ । चितवनको घटनालाई लिएर कृषि तथा वनविज्ञान विश्वविद्यालय, वनविज्ञान संकाय हेटौंडामा विद्यार्थीले तालाबन्दी भएको समाचार आएको छ । वनविज्ञान संकायमा सोमबार नै ताला लगाउन गएका विद्यार्थीलाई क्याम्पासमा अध्ययनरत अन्य विद्यार्थीले ताला लगाउन रोकेका थिए । तर, नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ (नेविसंघ)ले मंगलबार पुन: वनविज्ञान संकाय पुगेर ताला लगाएको हो । चितवनमा भएको विद्यार्थीमाथिको कुटपिटको घटनासँग कुनै साइनो सम्बन्ध नभएको वनविज्ञान संकाय हेटौंडामा तालाबन्दी भएको हो ।

शैक्षिक संस्थाहरुमा विद्यार्थीको अवाञ्छित गतिविधिबारे राष्ट्रियस्तरमै बहस सिर्जना भइरहेका बेला वनविज्ञानमा कुनै सम्बन्ध नै नभएको घटनामा तालाबन्दी भएको हो । शैक्षिक संस्थालाई शान्तिक्षेत्र घोषणा गर्ने बहस भइरहेको समयमा भएको तालाबन्दीले विद्यार्थीको अध्ययन गर्न पाउने अधिकार हनन भएको छ । वनविज्ञान संकायमा परीक्षा नजिकिँदै छ । तालाबन्दी गरेर विद्यार्थी संगठनको काम देखाउने शैलीमा विद्यार्थी अघि बढेपछि तालाबन्दीले प्रशय पाइरहेको प्राध्यापकहरु बताउँछन् । प्राध्यापकहरु राजनीतिक दलले विद्यार्थी संगठनलाई तालाबन्दी छोडेर रचनात्मक वा सांकेतिक विरोधको प्रयासमा लान नखोजेको प्रति चिन्तित छन् । रामपुर कृषि क्याम्पस, चितवनमा नेपाल विद्यार्थी संघका विद्यार्थीमाथि भएको हमलाको विरोधमा नेविसंघको नेतृत्वमा हेटौंडास्थित क्याम्पसमा तालाबन्दी गरिएको हो । विश्वविद्यालयको केन्द्रीय एवम् सम्पूर्ण आंशिक क्याम्पसहरु, कृषि संकाय र वनविज्ञान संकायमा सम्पूर्ण प्रशासनिक, शैक्षिक र परीक्षाका कामकाज बन्द गर्ने कार्यक्रमअन्तरगत नेपाली विद्यार्थी संघले मंगलबार बिहान हेटौंडास्थित वनविज्ञान संकायमा तालाबन्दी गरेको हो । नेपाल विद्यार्थी संघ, कृषि तथा वनविज्ञान विश्वविद्यालय, वनविज्ञान संकाय हेटौंडामा ईकाई समिति सभापति अस्मित घिमिरे, ईकाई निर्वतमान सभापति संकल्प सेढाई, नेविसंघ केन्द्रीय सदस्य मिलन पुडासैनीलगायतको नेतृत्वमा पुगेको टोलीले चितवन कुटपिट घटनामा संलग्नलाई कारबाही तथा विश्वविद्यालयबाट निष्कासन तथा परिचालन गर्नेमाथि पनि कारबाही नभएसम्मका लागि भन्दै तालाबन्दी गरेका हुन् । विश्वविद्यालयका रजिष्ट्रार, कल्याणकारी परिषद् एवम् त्यहाँको पदाधिकारीको नेतृत्वमा परिचालित अनेरास्ववियुका कार्यकर्ताले आफ्ना नेतामाथि कुटपिट गरेको नेविसंघको आरोप छ । घटनामा संलग्न व्यक्तिलाई तत्काल खोजी गरी कारवाही गर्न र शान्तिसुरक्षाको प्रत्याभूति दिलाउन दबाब दिने उद्देश्यले देशरभरका वनविज्ञान संकायमा तालाबन्दी गरिएको नेपाल विद्यार्थी संघले बताएको छ ।

चितवनको कृषि तथा वनविज्ञान विश्वविद्यालयमा १३ भदौमा दुई विद्यार्थी संगठनबीच झडप हुँदा दीपेश बानियाँ, खेमराज उपाध्याय, सोनाम लामा र हिमाल आचार्य घाइते भएका थिए । सोमबार नेविसंघको टोलीलाई अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन अनेरास्ववियु, अखिल क्रान्तिकारीलगायत संगठनका विद्यार्थीले परीक्षाको तालिका सार्वजनिक भइसकेको र केही कक्षा संचालन भइरहेको अवस्थामा तालाबन्दी गररे पठनपाठनमा अवरोध पुऱ्याउन नपाइने भन्दै प्रतिकार गरेका थिए । नेविसंघलाई अन्य विद्यार्थी संगठनले प्रतिकार गर्न खोज्दा झडपको स्थिति सिर्जना भएको थियो । प्रहरीले सामान्य बल प्रयोग गरी घटनालाई नियन्त्रणमा लिएको थियो । वनविज्ञान संकायका अन्तिम सेमिस्टरका विद्यार्थीले यसअघि पनि पटक-पटक विभिन्न कारणले पठनपाठन अवरुद्ध भएर चारवर्षे कोर्ष सकिन पाँच वर्ष लागेको गुनासो गरे । अन्तिम परीक्षाको मुखैमा पुन: तालाबन्दी आफूहरुलाई स्वीकार्य नहुने उनीहरुको भनाई छ । राजनीतिक दलले आफ्नो स्वार्थ पूरा गर्नका लागि विद्यार्थीको अध्ययन गर्न पाउने नैसर्गिक अधिकार हनन् भइरहेको उनीहरुले बताएका छन् ।

# मुख्य सचिव अर्याल, चन्द्रघण्टी र कीर्तिमानको अपेक्षा



✍ सागर पण्डित

नेपालको पहिलो मुख्य सचिव बन्ने शौभाग्य पाएका चन्द्रबहादुर थापालाई अहिले पनि निजामती प्रशासनमा सम्झिने गरिन्छ । तर पहिलो मुख्य सचिव भएर होइन कि उनको कार्यले । उनी मुख्य सचिव भएपछि उनी सिंहदर बारभित्र कडा अनुशासन कायम गराउन सफल भएका थिए । सरकारी समय १० बजेभित्र सबै कर्मचारीलाई अनिवार्यरुपमा सिंहदरबारका मन्त्रालयमा आएर काममा खट्न उनले विशेष उर्दी मात्रै जारी गरेनन् कि कार्यान्वयन गराएरै छोडे । समयमा नआउनेहरुलाई कडा कारबाही गरेर उनले आफ्नो नियमलाई स्थापित गराउन सफल भए । त्यसैले अहिले पनि उनको सो कार्यलाई चन्द्रघण्टी भनेर कर्मचारी वृत्तमा स्मरण गर्ने गरिन्छ । यो अनुशासन र जिम्मेवारीको विषय थियो । उनले कर्मचारीलाई अनुशासनमा राख्न सके र सफल मुख्य सचिवको रुपमा दर्ज भए ।

पहिलो मुख्य सचिव र उनको चन्द्रघण्टीलाई स्मरण गरिरहँदा हालै मात्र २८ औँ मुख्य सचिवको रुपमा गृहसचिव एकनारायण अर्याल नियुक्त भएर कार्यभार सम्हालिसकेका छन् । निजामती प्रशासन झन्डै-झन्डै कोमामा पुग्न लागिसकेको अवस्थामा त्यही प्रशासनको सर्वोच्च कमान्डरको रुपमा आएका अर्यालले कोमामा पुग्न लागेको कर्मचारीतन्त्रलाई सञ्जीवनी बुटी खुवाएर तंग्र्याउन सक्लान् कि नसक्लान् ? यो त आगामी दिनमा उनले अख्तियार गर्ने कार्यनीति, रणनीति र व्यवहारले देखिँदै जाने नै छ । तर अहिले आम कर्मचारी र उनका शुभचिन्तकहरुमा भने एउटा आशा र भरोसा पक्कै पलाएको छ । त्यो हो- मुख्य सचिव अर्यालले निजामती प्रशासनलाई एउटा व्यवस्थित प्रणालीमा हिँडाएर आम कर्मचारीलाई कुशल अभिभावकत्व दिने छन् ।

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने छन् । कर्मचारीतन्त्रभित्र उचित पुर स्कार र दण्डको व्यवस्था गर्ने छन् । सबै पक्षसँग सहअस्तित्वका साथ उचित समन्वय गर्ने छन् । टिमवर्कमा काम गर्ने छन् । कसैलाई काखा, कसैलाई पाखा गर्ने छैनन् । प्रशासनमा चरम राजनीतीकरण हुन दिने छैनन् । प्रशासन र राजनीतिमा नै सदाचारिता र इमानदारिता कायम गराउने छन् । सुशासन कायम गर्ने विषयलाई प्रमुखरुपमा ध्यान दिने छन् । वर्षौंदेखि आउन नसकेको संघीय निजामती सेवा ऐन ल्याउने छन् । प्रशासनलाई तंग्र्याएर जनप्रेमी बनाउने छन् ।

विद्युतीय शासन प्रवर्द्धनमा ध्यान दिने छन् । राइट म्यान इन राइट प्लेसलाई ध्यान दिने छन् । चाकडी प्रथा रोक्ने छन् । योग्यता र क्षमताको कदर गर्ने छन् । प्रशासनलाई नतिजामुखी बनाउने छन् । आम कर्मचारीको क्षमता विकासमा ध्यान दिने छन् । अनुमानयोग्य सरुवामा ध्यान दिने छन् । राजनीतिक नेतृत्वको एस म्यान बन्ने छैनन् । प्रशासनमा हुने राजनीतिक हस्तक्षेपविरुद्ध सालीन र सभ्य मुकाबिला गर्ने छन् । सिंगो प्रशासनको मोरल उच्च बनाउने छन् । सबैले आशा गरेअनुसार उनले सुधारका यस्ता दर्जनौं योजनाहरु बुन्न र त्यसलाई कार्यान्वयन गर्न अत्यावश्यक छ ।

उनीप्रति आशा र भरोसा जति छ, कतै काम गर्न सक्दैनन कि भन्ने चिन्ता र चासो पनि त्यत्तिकै छ । कतै उनले पनि विगतकै मुख्य सचिवजस्तै 'आयाराम गयाराम' बन्ने र प्रशासनलाई कोमामा नै जान दिने त होइनन् ?' भन्ने शुभचिन्तक र आम कर्मचारीको चिन्ताप्रति नवनियुक्त मुख्य सचिव अर्याल घोत्लिन जरुरी छ । यसअघि बनेका २७ जना मुख्य सचिवमध्ये आजसम्म सम्झनलायक काम गर्नेहरुको सूची हेर्ने हो भने औँलामा गन्ने खालका छन् । धेरै मुख्य सचिवहरु गुमनाम भए र हुँदै आए । किनकि उनीहरु अधिकांश आयाराम गयाराममा नै सीमित भए । निजामती प्रशासनको सर्वोच्च पदमा रहेर नमुनायोग्य काम गर्न सकेनन् । उल्टो निजामती प्रशासनलाई सर्वाधिक कमजोर, निम्सरो, जुम्सो र फकलङ्कुजस्तै बनाइदिए ।

आज नेपाली कर्मचारीतन्त्र जुन रुपमा अकर्मण्यताको सिकार हुँदै आइरहेको छ, त्यसको पहिलो दोष यसअघिका मुख्य सचिवहरुलाई नै जान्छ । यद्यपि राजनीतिक नेतृत्व कुन रुपमा दोषी छन् ? त्यो छुटै विश्लेषणको विषय हो । तर आफू मुख्य अभिभावकको रुपमा आउने अनि निजामती प्रशासन संक्रामक रोगले ग्रसित हुँदा आफ्नो पद मात्रै जोगाउने र उल्टो मुख्य सचिवबाट सेवानिवृत्त भएपछि विभिन्न निकायमा राजनीतिक नियुक्ति पाइने लोभले पूरै एस म्यान बनेर काम गर्ने आत्मघाती सोचका विगतका मुख्य सचिवहरु नै नेपाली प्रशासनलाई क्यान्सर जस्तै संक्रामक रोगले ग्रसित बनाउन बढी जिम्मेवार देखिएका छन् भन्दा अत्युक्ति नहोला । त्यसैले केही अपवादलाई छोडेर नेपालका धेरै मुख्य सचिवहरु प्रशासनकै लागि खलनायक साबित भएर गएका हुन् । यसबारेमा नवनियुक्त मुख्य सचिव अर्यालले थप संवेदनशीलता देखाउन जरुरी छ, नकि उनलाई त्यस्तो खलनायकको आरोप लाग्न नपाओस् ।

अब आशा गरौँ नवनियुक्त मुख्य सचिव अर्याल यस प्रकारको आत्मघाती बाटोमा हिँड्ने छैनन् । निजामती प्रशासन र कर्मचारीतन्त्रको आत्मलाई उच्च बनाउन उनले ठूलै जोखिम मोलेर काम गर्नुपर्ने देखिन्छ । यतिचाहिँ प्रस्ट भन्न सकिन्छ कि सानोतिनो मिहिनेतले उनले त्यो उपलब्धि हासिल गर्न सक्ने छैनन् ।

जब उनी १३ भदौमा २८ औँ मुख्य सचिवमा नियुक्त भए, त्यसपछि उनलाई शुभकामना र बधाई दिनेको ओइरो लाग्यो । हरेक कर्मचारीहरुको सपना पाएसम्म मुख्य सचिव भएर सेवानिवृत्त हुने हुन्छ । तर मुख्य सचिव हुने अवसर जोसुकैले पाउँदैनन् । हरेक कर्मचारीहरुको जीवनमा मुख्य सचिव हुनु भनेको एउटा अभूतपूर्व अवसर र उपलब्धि हो । यो एउटा भाग्यको खेल पनि हो । यस्तो अवसर प्राप्तिको बाटोमा अन्य तीनजना सचिवहरु पनि थिए । तर उनीहरु सबैलाई उछिन्दै अर्यालले बाजी मारे । वरियतामा चौथो नम्बरमा रहे पनि सरकारले उत्कृष्ट कार्यसम्पादनलाई आधार मानेर अर्याललाई मुख्य सचिव बनाइएको बतायो । सरकारको सो कार्यमा खासै विरोधका आवाजहरु सुनिएनन् । जसले गर्दा अर्यालको मुख्य सचिव नियुक्ति सर्वस्वीकार्यजस्तै भयो । चौथो नम्बरमा रहेर पनि मुख्य सचिव बन्ने दुर्लभ अवसर पाएको अवस्थालाई उनले आफ्नो काँधमा ठूलो जिम्मेवारी आएको अर्थमा लिनुपर्छ । सरकारले उत्कृष्ट कार्यसम्पादनको आधारमा मुख्य सचिव बनाएको भन्ने विषयलाई उनले आगामी दिनमा कामले प्रमाणित गरेर देखाउनुपर्ने भएको छ । यसै गरी वरिष्ठलाई मुख्य सचिव नबनाएको भनेर आएका केही सानातिना गुनासालाई खण्डित गर्न पनि उनले प्रभावकारीरुपमा काम गरेर देखाउनु अत्यावश्यक छ ।

उनी मुख्य सचिव भएपछि औधी खुशी हुनेमा यो पंक्तिकार पनि पर्छ । त्यसैले यो पंक्तिकारलाई पनि अन्य उनका शुभचिन्तकलाई जस्तै चिन्ता र चासो उत्तिकै छ कि भोलि उनले राम्ररी काम गर्न सक्दैनन् कि ? उनले राम्रो काम गरे भनेर लेख्न पाइँदैन कि ? यो पंक्तिकारले उनी मुख्य सचिव भएलगत्तै बधाई दिने क्रममा सतर्क पार्दै उनलाई कामका लागि झकझकाउने र नियमित निगरानी गर्ने कुरा पनि गरेको छ । त्यसैले हामी त वाच डग हौं । राम्रो काममा समर्थन हुन्छ र नराम्रो र गर्न नसकेको अवस्थामा विरोध हुन्छ । आशा गरौं, उनी सेवानिवृत्त हुँदै गर्दा अर्याल सफल मुख्य सचिव भनेर लेख्न पाइयोस् ।

अर्याल मुख्य सचिव भएपछि यो पंक्तिकार १४ भदौमा उनलाई बधाई दिन गृह मन्त्रालयमा पुग्दा अर्याललाई बधाई दिनेहरुको घुइँचो थियो । अर्यालमा भने हर्ष, खुशीका साथसाथै जिम्मेवारीबोधसहितको गाम्भीर्यता पनि त्यत्तिकै देखिन्थ्यो । देश र जनताका लागि केही गरौं भन्ने सोच उनमा प्राय: प्रस्फुटित भइरहन्छ । अहिले अब उनी निर्णायक ठाउँमा आएकाले उनले त्यो सोचलाई व्यवहारमा रिफ्लेक्ट गर्न जरुरी देखिन्छ ।

१४ गते नै उनी हामी केही सञ्चार कर्मीलाई साथमा लिएर आफू मुख्य सचिव नियुक्ति भएको पत्र लिन तत्कालीन मुख्य सचिव लीलादेवी गड्तौलासमक्ष पुगेका थिए । त्यति बेला नै उनले मसँग भनेका थिए, 'भाइ अब साँच्चै नै केही गरेर देखाउनुपर्छ । कर्मचारीतन्त्रलाई सशक्त बनाउनुपर्छ । नागरिक तहमा देखिएका निराशाहरु बिस्तारै चिर्दै जानुपर्छ । तपाईंहरुले वाच डगको रुपमा काम गर्नुहोला । आवश्यक सुझाव दिँदै गर्नुहोला ।' उनले स्वस्फूर्तरुपमा आफ्ना भावनाहरु उद्वेलित गरेका थिए । मैले पनि उनलाई आगामी दिनमा सशक्त किसिमले काम गर्नुपर्छ भन्दै हौस्याएको थिएँ । यसो त मैले हरेकजसो भेटमा उनलाई देश र जनतालाई केन्द्रविन्दुमा राखेर काम गर्नुपर्छ भन्दै सधैं जोस्याउने काम गर्ने गरेको छु । भूकम्पको समयमा उनी काठमाडौंको सिडिओ हुँदा काठमाडौंमा भूकम्पबाट आफन्त गुमाएका पीडितहरुको घरदैलोमा गएर राहत सामग्री वितरण गर्ने क्रममा कैयौंपटक म पनि उनीसँगै पीडितको घरदैलोमा पुगेको थिएँ । त्यति बेला उनले देखाएको सक्रियतालाई अहिले पनि म मुक्तकण्ठले प्रशंसा गर्ने गर्छु ।

त्यसपछि १६ भदौमा भएको उनको मुख्य सचिवको पद बहालीका क्रममा समेत सहभागी हुने अवसर पाइयो । पद बहालीका क्रममा मुख्य सचिव अर्यालले कार्यक्रममा सहभागी भएका सरकारका सबै सचिव, सुरक्षा निकायका प्रमुख, सहसचिव तथा उच्च पदस्थ अधिकारीहरुसमक्ष निकै संवेदनशील विषयहरु उठाउनुका साथै सचिवहरुलाई केही निर्देशन दिँदै आफ्ना महत्वपूर्ण प्रतिबद्धताहरुसमेत व्यक्त गरे । सो कार्यक्रममा अर्यालले व्यक्त गरेका प्रतिबद्धतालाई कार्यान्वयन गर्न सके भने उनी सफल मुख्य सचिवको रुपमा सजिलैसँग दर्ज हुन सक्ने देखिन्छ । अर्यालले आफ्नो पहिलो दायित्व संघीय निजामती सेवा ऐन जसरी पनि ल्याउने उद्घोष गरेका छन् । सो ऐन ल्याउन उनले पहलकदमी गरे र उनकै पालामा ऐन आयो भने उनले सबै कर्मचारीको स्याबासी पाउने निश्चित छ । उनले विभिन्न चुनौतीका बीच आफू मुख्य सचिव भए पनि चुनौतीलाई अवसरमा बदल्न सक्ने आत्मविश्वास व्यक्त गरेकाले सोहीअनुसार अघि बढ्नुपर्छ ।

त्यसै गरी उनले आफ्नो बहालीका क्रममा उठान गरेका नैतिकता, इमानदारिता, स्वच्छता, पारदर्शितालाई मूल मन्त्र बनाएर आफ्ना कार्यहरु अगाडि बढाउनुपर्छ । उनले जनता र निजामती कर्मचारीबीच ठूलो ग्याप रहेको बताएर वास्तविकता उजागर गरेका छन् । अब सो ग्यापलाई हटाउन उनले सेवा प्रवाह प्रभावकारी बनाउने उपायहरु खोजी गरी तत्काल कार्यान्वयनमा ल्याउनुपर्छ । यसै गरी बहालीका क्रममा उनले प्रधानमन्त्री कार्यालयलाई सेन्टर अफ एक्सलेन्स बनाउने, बिचौलिया प्रथा निषेध गरिने, तीन तहको सरकारबीच उचित समन्वय गरिने, निजी क्षेत्रसँग हार्दिकतापूर्ण सम्बन्ध राखिने, सुखी नेपाली, समृद्ध नेपालको लक्ष्य पूरा गर्न प्रतिबद्ध रहने, अख्तियार, राज्यव्यवस्था समितिलगायतले दिएको निर्देशन पालना गरिने, काम नगर्नेको खोजी गरी आवश्यक कारबाही गरिने, आम निजामती कर्मचारीमा राष्ट्रियताको भावना अभिवृद्धि गराइने लगायतका प्रतिबद्धताहरु व्यक्त गरेका छन् ।

मुख्य सचिव अर्यालले एउटा के कुरा प्रस्टसँग बुझ्न जरुरी छ भने, सिंगो मुलुक र आम कर्मचारीतन्त्रले भोग्नुपरेका समस्या समाधान गर्न सानोतिनो प्रयासले पक्कै पनि हुँदैन । यसको लागि लगातारको प्रयास र ठूलै खाले अपरेसन जरुरी छ । सो अपरेसनका लागि ब्यूरोक्र्याट्स डाक्टरहरुकै आवश्यकता छ र रातदिन काम गर्नुपर्ने अवस्था छ । सानातिना बैठक राखेर औपचारिकता पूरा गर्ने, उद्घाटन कार्यक्रममा गएर भाषण गर्ने, आफूलाई भेट्न आएकाहरुसँग घण्टौं गफ गरेर समय खेर फाल्ने छुट अब उनलाई छैन । दिनको संकेत बिहानीले गर्छ भनेजस्तै उनको शुरुवाती कदमले आगामी दिनमा उनले प्राप्त गर्न सक्ने उपलब्धि र सफलताको सहजै आँकलन गर्न सकिनेछ ।

यसमा हामी मिडियाकर्मीहरुको वाचमा उनी १६ गतेदेखि नै परिसकेका छन् । हेरौं, उनले बिहानीका के-कस्ता संकेतहरु दिने छन् र आगामी दिनमा चन्द्रबहादुरको चन्द्रघण्टीजस्तै आफ्ना कुनै न कुनै कामलाई चिरकालसम्म आम कर्मचारी र देशवासीले सम्झने गरी स्थापित गर्ने नै छन् । २८ औं मुख्य सचिव अर्यालले अहोरात्र काम गरेर परिणाम निकाल्दै निजामती प्रशासनलाई सक्षम, सबल र जनप्रिय बनाउन सकून् र लामो समयपछि जबर्जस्त नयाँ कीर्तिमान राख्न सकून्, शुभकामना !

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र २१ गते शुक्रबार ६ सेप्टेम्बर २०२४ । तृतीया, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४५, सूर्यास्त ६:१७ । हरितालिका (तीज) ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्य बिग्रन सक्ने | **तुला** | : निर्माण कार्यमा प्रगति |
| **वृष** | : रमाइलोगरि समय बित्ने | **वृश्चिक** | : सामाजिक काममा सफलता |
| **मिथुन** | : राजनीतिमा प्रगति हुने | **धनु** | : सन्तानबाट खुशी मिल्ने |
| **कर्कट** | : शारीरिक परिश्रम गर्नुपर्ने | **मकर** | : व्यापारमा केही हानि हुने |
| **सिंह** | : पढाइमा प्रगति हुने | **कुम्भ** | : शत्रु पराजित हुने |
| **कन्या** | : विश्वासमा संकट आउने | **मीन** | : मानसम्मान बढ्ने |

# सफल जीवनको लागि दाम्पत्य सम्बन्धको व्यवस्थापन



✍ डा. दिपक प्रसाद बास्तोला

जीवनका क्रममा जन्मदेखि मृत्युसम्मको यात्रामा धेरै कुराको व्यवस्थापन गर्दै अगाडि बढ्नुपर्ने हुन्छ । सानोतिनो कुरालाई पनि व्यवस्थापन गर्न नसक्दा कतिपय घटना भएको सुनिएको हुन्छ । यस्को ज्वलन्त उदाहरण हालै अमेरिकामा भएको घटना हो । यो एउटा प्रतिनिधि घटनामात्रै हो । यस्ता धेरै घटनाबारे आजभोलि दिनहुँ सामाजिक संजाल र पत्रपत्रिकामा चर्चा भएको हुन्छ ।

नेपाली महिलाहरूको पतिपत्नीको कलहकै कारण हत्या भएका धेरै घटना छन् । अनि यस्तो घटनाको नजिकसम्म किन एउटा सुखद दम्पति पुग्यो भन्ने मलाई लग्यो । मैले केही वर्षअगाडि लेखेको 'नाइन च्याप्टर अप लाइफ मेनेजमेन्ट' भन्ने किताबको तेस्रो चाप्टरमा लेखेको पतिपत्नीको सम्बन्धको व्यवस्थापनसम्बन्धी जानकारी सबैसामु राख्न उपयुक्त ठानेर उक्त किताबको छोटो विवेचना गर्ने जमर्को गरेको छु ।

जीवनमा पतिपत्नीको सम्बन्धको व्यवस्थापनको आवश्यकता अहिले निकै बढेको देखिएको छ । अहिलेको समयमा एकआपसको विचार बुझेर समयअनुसार विवाहित जोडीले एकअर्कोको व्यवस्थापन कसरी गर्ने र परिवारको पूरै व्यवस्थापन कसरि गर्ने भन्ने यस लेखमा संक्षेपमा लेखेको छु ।

'नाइन च्याप्टर अप लाइफ मेनेजमेन्ट' भन्ने किताबको पहिलो अध्यायमा स्वयंको व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा प्रस्ट पारेको छु । त्यस्तै दोस्रोमा आफ्नो बाआमासँगको सम्बन्धको व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा छ । किताबको तेस्रो चाप्टरमा लेखेको पतिपत्नीको सम्बन्धको व्यवस्थापनको विषयमा यो लेख केन्द्रित छ ।

चौथो अध्यायमा सन्तानहरूसँगको सम्बन्धको व्यवस्थापन कसरी गर्ने भन्ने चर्चा गरिएको छ भने पाचौंमा आफन्तहरूसँगको सम्बन्धको व्यवस्थापनका विषयमा वर्णन गरि एको छ । छैटौं चाप्टर साथीभाइको बारेमा छ भने सातौंमा पढाइ, पुरानो कुरा बिर्सने र नयाँ कुरा सिक्ने व्यवस्थापन कसरी गर्ने भन्ने छ । अठौं चाप्टरमा आफ्नो पेसागत दक्षतालाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा र अन्तिम चाप्टरमा समाजका लागि गरिने योगदानको व्यवस्थापनको चर्चा छ ।

माथिको चित्रमा पतिपत्नी विवाह बन्धनमा बाँधिएपछि सुरुदेखि बुढेसकालसम्म हुने राम्रो र नराम्रो समयको उतारचको मनोभाबको रेखा चित्रण गरिएको छ । विवाहलगत्तैको समय 'हनिमुन' अवस्थामा रहन्छ । केही समयपछि दुवै परिवारको आफ्नो रीतिरिवाजअनुसारका इच्छालाई व्यक्त गर्दा पति र पत्नी दुवैमा केही मनमुटाव हुनु स्वाभाविक देखिन्छ । बिस्तारै समय बित्दै जाँदा सन्तानको जन्म भएसँगै पतिपत्नीबीचका मनमुटाव केही कम हुँदै जान्छन् र चित्रमा देखाएजस्तै खुसी बढेको अनुभव हुन्छ । चित्रमा बिस्तारै खुसीको ग्राफ बढ्दै गएको देखिएको छ । तर, केही दम्पतीले यस्तो अवस्थाका बारेमा जानकारी नहुँदा सानोतिनो झगडालाई व्यवस्थापन गर्दा आफ्नो पति वा पत्नीको सम्बन्ध विच्छेद, हिंसा र हत्या गर्नेसम्मको अवस्थामा पुगेका समाचार हामी पढ्न पाउँछौ जुन अत्यन्त दु:खद कुरा हो ।

व्यवस्थापन विज्ञका नाताले सबै विवाहित जोडीलाई भन्न चाहन्छु जीवनमा सुखदु:ख र सानोतिनो झगडा हुनु परिवारिक संस्थाको वर्षौंदेखि चलिआएको सामान्य कुरा हो । रिस उठेको बेलामा संयम गुमाएर आफ्नो जीवन साथीमाथि ठूलो अपराध गर्नु र पछि फुर्सतमा पछुताउने गर्नु दु:खदायी अवस्था हो । रिस उठ्ने अवस्थासम्म नै नपुगी एक अर्कोमा माया प्रेमभाव प्रकट गरेर सनितिनो नमिलेको एक आपसमा सल्लाह गरेर हल गर्नु विवाहित जोडीका लागि उत्तम हो । अहिलेको समयमा परिवार, देश र समाजभन्दा धेरै टाढा छरिएर बस्नुपर्ने हुनसक्छ । मानिसको जन्मदेखि मृत्युसम्मको यात्रामा धेरै कुरालाई व्यवस्थापन गर्दै अगाडि बढ्नुपर्ने हुन्छ । यस्ता कुरालाई संयमित भएर सोचेर सबैभन्दा पहिले आफू र आफ्नो पत्नी वा पतिको सम्बन्धको व्यवस्थापन गर्नुपर्छ ।

पति र पत्नीको सम्बन्धको व्यवस्थापनको जग भनेको एक अर्काप्रतिको सम्मान हो । फरकफरक मान्छेको दिमाग सोच फरक हुनु स्वाभाविक कुरा हो । बिस्तारै समयसँगै एक अर्काको सोचको बारेमा जानकार भएर व्यवहार गर्दै गएमा दुवैको कुरा मिल्दै जान्छन् । कसैलाई छोटो समयमा नै एकअर्कालाई बुझ्ने समय पर्याप्त हुन्छ भने कसैलाई तीन चार वर्षसम्म लाग्न सक्छ । तर, समयलाई सबै कुरा छोड्यो भने वैवाहिक जोडीले एकआपसमा बुझेर काम गर्न सहज वातावरण बन्दै जान्छ । छोराछोरी जन्मिएपछि झन् समझदारी र सम्बन्ध प्रगाढ भएर जान्छ । त्यसैले सानोतिनो कुरामै निराश भएर छुट्टिने वा हिंसासम्मका घटना हुने अवस्थामा पुग्नु हुँदैन ।

हालै अमेरिकाको नेपाली महिलाको हत्या भएको समाचारले गर्दा समाज कता हिँडिरहेको छ ? भनी हामी सबैको मनमा चिसो पसेको छ । यस लेखमार्फत् सबै विवाहित जोडीलाई एक अर्काको राम्रा र नराम्रा गुणलाई सम्मान गरेर खुसीको वातावरणमा पारिवारिक जीवनमा रमाउन अनुरोध पनि गर्दछु । आवेग र रिसमा भएका निर्णयले पछुताउने अबस्थामा पुग्न सकिने हुँदा सकभर यस्तो अवस्थाको सिर्जना नै नगरौं । जीवन बहुमूल्य छ । आफू र आफ्नो पारिवारका सदस्य एकसाथ हाँसीखुसी र माएर जीवनको यात्रा गर्न सबैलाई यस लेखबाट प्रेरणा मिल्ने विश्वास छ ।

जीवनमा समय र उमेरअनुसार वैवाहिक जोडीले एक अर्काको र परिवारको व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा सोचेर र म्रोसँग अगाडि बढेमा पारिवारिक विखण्डनका घटना भविष्यमा नदोहोरिनेमा आशावादी हुनसकिन्छ ।

*(साभार: बाह्रखरी)*

# दस्तुर उठाउन सडकमै स्वचालित गेट राख्ने तयारी



काठमाडौं/सडक बोर्ड नेपालले सडक उपयोग दस्तुर उठाउन ठाउँठाउँमा स्वचालित गेट प्रयोग गर्ने भएको छ । 'सडक दस्तुर उठाउने (कार्यविधि) नियमावली-२०८१ लागु गर्दै बोर्डले सडकलाई बाँसको तगारोमुक्त गर्ने योजना बनाएको हो ।

अब सडकमा मान्छे बसेर गाडी चालकसँग नगद सकंलन नगर्ने योजनासहित कार्यविधि स्वीकृत भएको छ । १७ जेठमा मन्त्रिपरिषद बैठकले विद्युतीय प्रविधिबाट सडक दस्तुर उठाउने नियमावली स्वीकृत गरिसकेको बोर्डका कार्यकारी निर्देशक गणेशबहादुर कार्कीले जानकारी दिए ।

उनले ९५ प्रतिशतभन्दा बढी सडक दस्तुरको संकलन नगदमा नगरी विद्युतीय भुक्तानी हुने व्यवस्था मिलाउन लागिएको छ । उनका अनुसार नियमावलीअनुसार बिपी राजमार्गको सिन्धुलीबाट विद्युतीय प्रविधिको टोल गेट राखेर विद्युतीय माध्यमबाट दस्तुर उठाउने प्रविधिको सुरुवात भइसकेको छ । प्रयोगको रुपमा प्रविधि सुरु गर्न बजेट समेत विनियोजन गरिएको उनले बताए ।

'ठेकेदारमार्फत दस्तुर संकलन गर्दा गाडीहरुले दु:ख पाउने तर राज्यले राजस्व पनि गुमाउने अवस्था छ', कार्कीले भने, '१० वटा ठेक्काका फाइल हेर्दा ९ वटामा सरकारविरुद्ध आर्बिटेसनको मुद्दा छ ।' उनले विगतमा ५ करोडको ठेक्का लगाउँदा उल्टै सरकारबाट ३ करोड ६० लाख क्षतिपूर्ति तिर्नु परेकोसम्म उदाहरण रहेको बताए ।

'आफैं कर्मचारी राखेर सिधै बोर्डको खातामा पैसा जम्मा हुने गरी प्रणाली बनाउँछौं', कार्यकारी निर्देशक कार्कीले भने, 'दस्तुर उठाउने निर्णय भएका सडकमा रहेको ५० प्रतिशत ट्राफिक (सवारी चाप) को हिसाब गर्दा पनि वर्षमा ३ अर्ब सहजै उठ्ने देखिन्छ, यसले राजस्व चुहावट पनि ठप्प हुन्छ ।'

बोर्डले नौबिसे-मुग्लिन, हेटौंडा-नारायणगढ, नारायणगढ-बुटवल, धुलिखेल-खुर्कोट, खुर्कोट-सिन्धुलीमाडी-बर्दिबास, भैरहवा-भूमही, पाँचखाल-मेलम्ची र मुग्लिन-नारायणगढ सडक खण्डबाट बोर्डले ठेकेदारमार्फत दस्तुर उठाउन पाउँछ ।

काकँडभिट्टा-दमक, दमक-इटहरी, विराटनगर-धरान, कोशी-चैहर्वा, चैहर्वा-पथलैया, हेटौंडा-वीरगञ्ज, वीरगञ्ज-पथलैया खण्डमा पनि टोल राख्न अनुमति छ ।

बोर्डले ती सडकमा गुड्ने गाडीसँग ५ देखि ८५ रुपैयाँसम्म संकलन गर्न पाउँछ । तर, पछिल्ला वर्षमा धेरै सडक मर्मत सम्भार तथा विस्तार भइरहेको र कतिपयमा ठेक्काका विवाद भएपछि सबै ठाउँमा दस्तुर उठाउने काम बन्द छ । कोरोना महामारीका बेला सरकारले गरेको लकडाउनपछि सडकमा पैसा उठाउन नयाँ ठेक्का लगाइएको छैन ।

विगतमा सडक विभागले दिने सवारी चाप विवरणका आधारमा न्यूनतम् मूल्य राखेर बढाबढमा ठेक्का लगाउने गरिएको थियो । तर, अहिले पेट्रोलियम पदार्थमा भन्सार विन्दुमै लगाइनेबाहेक सडक दस्तुर संकलन हुन सकेको छैन । सडक उपभोग दस्तुरको नाममा असुलिएको रकम सोही सडक हेर्ने सडक डिभिजन कार्यालय र स्थानीय तहमा पठाउनुपर्छ ।

विगतमा सडकमा ढाट राखेर नगद असुल्दा अनेकन विवादहरु आउने गरेको थियो । ठेकेदार कम्पनीले गुण्डागर्दी गरेर चालकहरुलाई दु:ख दिने गरेकोदेखि ठेकेदारले विभिन्न कारण देखाएर उल्टै बोर्डमा क्षतिपूर्ति दाबी गर्नेसम्मका समस्याले बोर्ड प्रताडित छ ।

अब यस्ता समस्या समाधान गर्न बोर्ड आफैंले विद्युतीय माध्यमबाट दस्तुर उठाउने गरी विद्युतीय 'ब्यारियर'हरु राख्ने योजना बनाएको हो । ठेक्का नलगाई सम्बन्धित सडकखण्ड भएर गुड्ने गाडीले तोकिएको शुल्क आर एफआईडी टोलिङ सिस्टम, क्युआर सिस्टम वा टोल पेमेन्ट कार्ड लगायतका विकल्पहरु प्रयोग गरेर दस्तुर भुक्तानी लिने व्यवस्था गरिने कार्यकारी निर्देशक कार्कीले बताए ।

'भारतका पहाडी बाटोमा पनि यस्ता टोल रोडमा विद्युतीय भुक्तानी गर्ने व्यवस्था छन्, त्यसबारे अध्ययन गरेरै हामी सुरु गर्छौं', उनले भने, 'अहिले कस्तो प्रविधिमा कहिलेदेखि जाने भनेर छलफलमा छौं ।' उनका अनुसार यस्तो दस्तुर संकलन गर्न स्ट्याण्डर्ड अपरेटिङ प्रोसिड्योर पनि फाइनल भइसकेको बताए । अब बढीभन्दा बढी स्थानमा स्वचालित प्रविधिबाट विद्युतीय भुक्तानी लिने गरी व्यवस्था गर्ने कार्कीले बताए ।

विज्ञहरु भने सकेसम्म सरकारले अहिलेका सडकमा 'ब्यारियर' राखेर कर उठाउनु उचित नहुने बताउँछन् । पूर्वाधारका विज्ञ सूर्यराज आचार्य सामान्य अवस्थाको सार्वजनिक सडकमा यसरी ढाँट राख्नु नै गलत हुने बताउँछन् ।

सरकारले बढी लाभ दिने 'टोल' सडक बनाएर मात्र यस्तो कर उठाउनुपर्ने उनको सल्लाह छ । उनका अनुसार, छिटो र सजिलै गन्तव्यमा पुग्न सकिने विशेष सुविधायुक्त 'टोल' सडक उपयोग गर्नेहरुबाट यस्तो कर उठाउनु उचित हुन्छ । 'सरकारलाई पैसा चाहियो भन्दैमा साधारण अवस्थाका सडकमा ढाट राखेर असुल्नु कुनै पनि अर्थमा सही हुँदैन', उनले भने ।

अरु देशमा ठूला लगानीमा बनेका र लागत उठाउनुपर्ने 'एक्सप्रेस वे'हरुमा यस्तो करको अभ्यास भएको उनी बताउँछन् । सर्वसाधारण आउजाउ गर्ने र ढुवानीको हिसाबले 'लाइफलाइन' सडकमा यस्तो असुली न्यायसंगत नहुने आचार्यले बताए ।

'कर असुल्न ढाट थप्दै जाँदा सडकहरु तगारोमय हुनसक्ने भएकाले पनि सरकारले वैज्ञानिक विधि-पद्धति अपनाउनुपर्ने देखिन्छ', आचार्य भन्छन्, 'सडक बोर्डले उठाए जत्तिकै कर चाहिने नै हो भने बरु एकीकृत रुपमा इन्धन र वार्षिक सवारी करमै यसलाई मिलान गराए भयो ।'

सडकमा ढाट तेर्स्याउने सरकारको कार्यशैलीलाई यातायात व्यवसायीहरु 'टोले गुण्डा शैली' भन्दै आएका छन् । यो संविधान विपरीको काम भएको दाबी उनीहरुको छ । संविधानको धारा २३६ ले 'एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन', भनेको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला सडकको आवागमन प्रभावित गरेर कर उठाउन नहुने बताउँछन् । 'सडक बोर्डको ऐनले जेसुकै भनेपनि संविधानसँग बाझिने कुरा स्वत: खारेज हुनपर्छ', उनी भन्छन् । उनका अनुसार राजमार्गमा राखिने ढाटबारे धेरै पटक विवाद भएका छन् । ठेकेदारहरुले ढाटमा राख्ने 'बाउन्सर' हरुले सवारी चालक र सहचालकलाई अभद्र व्यवहार गर्दा विगतमा कतिपय स्थानमा झडप भएका सिटौला बताउँछन् ।

'सय किलोमिटर नछिचोल्दै दस्तुरका नाममा एक भन्दा बढी असुली भइरहेको छ', उनी भन्छन्, 'यसरी सडकका ठाउँ-ठाउँमा रोकेर हैरान पार्नुको सट्टा अरु कुनै वैज्ञानिक विधि अपनाए हुन्छ ।' सडकको अवस्था कहिल्यै नसुनि अनि ठाउँ-ठाउँमा ढाट राखेर असुल गरिरहने शैली बदल्नुपर्ने वरिष्ठ उपाध्यक्ष सिटौला बताउँछन् । तिरेका कर बाट सडकको अवस्था दुरुस्त गरेको अनुभूति गर्न नपाएको बताउँदै उनी भन्छन्, 'विगतमा जिविस, नगर पालिका र क्लबहरुका नाममा सडकमा टोले गुण्डाहरु राखेर पैसा असुलिन्थ्यो, अहिले पनि संघीय सरकार त्यही बाटोमा छ ।'

सडक बोर्डलाई भत्ता खाने ठाउँ बनाउन नहुने बताउँदै उनी भन्छन्, 'खाल्डैखाल्डा भएको सडकमा ढाट तेर्स्याएर यातायात व्यवसायी र सर्वसाधारणलाई कति दोहन गर्ने ?'

*(स्रोत: अनलाइनखबर)*

## 'देवी' निर्देशकको स्पष्टीकरण:

# 'निर्मला पन्तको घटनामा फिल्म बनाएको होइन'



काठमाडौं/यही शुक्रबार (तीजको विदा)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'देवी'को ट्रेलरमा निर्मला पन्त हत्या प्रकरणको बारेमा पत्रिकामा लेखिएको एउटा 'कटआउट' प्रयोग छ । जसले गर्दा धेरैले निर्मला पन्तको घटनामा आधारित भएर फिल्म बनेको हुनसक्ने अनुमान गरेका छन् । तर, यसका निर्देशक सञ्जोग राईले कोही पनि बलात्कार पीडितलाई प्रयोग गरेर फिल्म नबनाएको दाबी गरेका छन् ।

उनले भनेका छन्, 'हामीले कोही बलात्कार पीडितलाई प्रयोग गरेर फिल्म बनाएका होइनौं । ट्रेलर रिलिजपछि धेरैले निर्मल पन्तको घटनामा फिल्म बनेको भनिरहेका छन् । तर, निर्मला मात्र होइन, अरु धेरै बलात्कारको घटनाको बारेमा बनेको फिल्म हो । एउटा 'कटआउट'ले गर्दा निर्मला पन्तको घटनामा बनेको भन्ने लागेको हुनसक्छ । तर, त्यो होइन । 'देवी'मा निर्मला भनेर नाम पनि छैन ।'

सञ्जोगलाई बलात्कारको घटनामा फिल्म बनाउनुपर्छ भनेर आफ्नो घर नजिकै भएको एक घटनाले लागेको रहेछ । 'मेरै घर नजिकै (गोदावारी)मा एक बच्चीलाई केही व्यक्तिहरुले 'किडन्याप' गरेर एक हप्तासम्म बलात्कार गरेका थिए । तर पनि त्यो बच्चीले न्याय पाउन सकिनन् । त्यो घटनाले मलाई एकदमै 'ट्रिगर' गऱ्यो । त्यसपछि यो विषयमा फिल्म बनाउनुपर्छ भन्ने लाग्यो,' उनी सम्झन्छन् ।

निर्देशक राईलाई आफूले बलात्कारको घटनामा निष्पक्ष भएर नै 'देवी' बनाएको छु भन्ने लाग्छ । उनले फिल्मका लागि बलात्कारको घटनाको बारेमा धेरै अनुसन्धान पनि गरेका रहेछन् । उनले सम्झिए, '२०१९ मा बलात्कारसहित हिंसाजन्य २७ हजार मुद्धा दर्ता थिए । कति मुद्धा अदालतमा गएर पनि हेरें । कति मुद्धाहरु अदालतबाहिर २ हजार देखि ५ हजारसम्ममा सल्टाएर पठाएको पनि देखें ।'

फिल्मबाट केही बोल्न सकियो र त्यसले एउटा बहस मात्र भए पनि सुरु गऱ्यो भने राम्रो हुन्छ भन्ने सोचाईले 'देवी' बनाएको निर्देशक राईको भनाई छ । फिल्मको नाम भने शास्त्रसँग नभएर नेपाली समाजसँग जोडेर राखेको उनले बताए । समाजमा महिलालाई देवी भन्दै पुजिने र त्यही समाजमा महिलाको बलात्कार र हत्या हुने गरेकाले फिल्मको नाम 'देवी' राखिएको सञ्जोगले स्पष्ट पारेका छन् ।

## पलको 'रावायण' अनुभव:

# 'दोहोरो चरित्र गर्दा एकदमै गाह्रो भयो'



काठमाडौं/अभिनेता पल शाहले फिल्ममा 'रोमान्टिक लभर ब्वाईको छवि' बनाएका छन् । पहिलो फिल्म 'नाइँ नभन्नू ल ४'देखि उनी रोमान्टिक भूमिकामा देखिँदै आएका छन् । र, यो नै उनको 'कम्फर्ट जोन' बनेको छ । तर, यही शुक्रबारबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रावायण'बाट उनी आफ्नो 'छवि' बदल्न खोज्दैछन् । किनकि, यसमा उनी एक्सन भूमिकामा छन् । त्यसमा पनि दोहोरो चरित्र छ ।

यसमा उनी राघव र कान्छाको चरित्रमा छन् । जसमध्ये एउटा नकारात्मक र अर्को सकारात्मक चरित्र हो । दुई चरित्र फरक-फरक भएकाले मुडदेखि गेटअप सबै परिवर्तन गर्दा गाह्रो भएको पलको अनुभव छ । कहिले डमीसँग, कहिले खाली फ्रेममा, कहिले ग्रीन पर्दा राखेर एउटै सिन उही फ्रेममा उस्तै भावभंगीमा एउटै संवाद बोल्दा उनलाई 'किन चाहिँ फिल्म गरेछु' भन्ने पनि लागेको रहेछ ।

उनी छायांकन बेलाको क्षण सम्झँदै भन्छन्, 'एक्सन पार्टमा 'रियाक्सन' लिन एक्दमै गाह्रो हुन्थ्यो । कान्छाले राघवलाई मुक्का हान्छ । हान्दा त केही छैन । तर, त्यो खान गाह्रो छ । किनकि, उस्तै शैलीमा लड्नुपर्छ, 'रियाक्सन' पनि त्यस्तै हुनुपर्छ । फेरि एकछिनमा कान्छा बनेर राघवलाई हान्दाको रिस निकाल्न उस्तै गाह्रो हुन्थ्यो । मेरो एक्सप्रेसन बिग्रिएला कि भनेर एडीहरुले ध्यान दिएर हेर्थे ।'

पलले फिल्ममा एक्सनका लागि गरेको मिहिनेत पनि सानो छैन । छायांकनअघि करिब एक महिना एक्सनको तामिल लिएका उनले छायांकनमा तीन/चार दिनसम्म निरन्तर तराई भेगमा ४२ डिग्रीको तापक्रममा एक्सन गरेका थिए । तर, दु:ख धेरै भए पनि अब्बल काम निस्किएकोमा उनी खुसी छन् । उनलाई राघव र कान्छामध्ये कान्छाको चरित्रबाट बाहिर निस्किन भने समय लागेको रहेछ ।

'मलाई कान्छाको चरित्रबाट बाहिर निस्किन निकै गाह्रो भएको थियो । त्यसको एटीट्यूड, स्टाइल छाडेर राघवमा आउन गाह्रो थियो । निर्देशकले मलाई राघव त तिमी जस्तै हो । कान्छाको चरित्रमा चाहिँ मिहिनेत गर्नुपर्छ भनेर भन्नुभएको थियो । त्यसैले कान्छालाई 'फोकस' गर्दा राघवको चरित्र निभाउँदा पनि कान्छाको रिस आइहाल्थ्यो । त्यो चीजमा असाध्धै गाह्रो भएको थियो,' उनले सम्झिए ।

टिजर र ट्रेलरमा दाह्री-जुँगाको गेटअपमा पल निकै आक्रामक देखिएका छन् । उनको भनाईमा त्यो गेटअप कान्छाको हो । आफ्नो चरित्रबारे उनी भन्छन्, 'कान्छा तराई भेगको पात्र हो । उसको घर जनकपुरमा छ । तर, आमा-बुबा छैन । आमालाई बाबुले गरेको वितण्डा देखेर बाबुलाई नै मारेर ऊ जनकपुर पुग्छ । उसलाई त्यहाँको जमिन्दारले पालेर राखेको हुन्छ । राघव भने पाइलट हुन्छ ।'

पलले निभाएको कान्छा चरित्र नकारात्मक छ । त्यसका लागि उनले फिल्म 'पूजार सार्की'को छायांकनको समयमा आफूले चिनेको केही व्यक्ति (जो डनको रुपमा चिनिएका छन्)सँग संगत गरेका रहेछन् । 'मलाई गुण्डा जसरी हाँस्न आउँदैन थियो । त्यसैले बोल्ने, खाने, हिँड्ने, लगाउने तरिका सिक्नका लागि मैले देखिरहेको र चिनिरहेको केही दाईहरुसँग संगत नै गरेको थिएँ,' उनले सम्झिए ।

उनलाई सुरुमा 'रावायण' नामले नै आकर्षित गरेको रहेछ । 'मलाई 'रावायण' शब्द नै मन परेको थियो । 'रामायण' त बच्चैदेखि हेर्दै आएको हो । 'रावायण' चाहिँ रावणको कथा हो । मलाई निर्देशकले रावणको कथा देखाउँदा कस्तो होला भनेर कथा सुनाउनुभयो । त्यसमाथि दुईवटा भूमिका भएकाले मलाई एकदमै चाख लाग्यो ।' यस फिल्मले आफूलाई एक तह माथि लैजाने उनको विश्वास छ ।

# एकदिने रमझममा सीमित नहोस् पलेशा पदक सेलिब्रेसन



काठमाडौं/देशका लागि खेल्ने र जित्ने खेलाडी धेरै हुन्छन् । तर नगर वा शहर परिक्रमाको सम्मान निकै कम खेलाडीले पाउँछन् । असम्भव जस्तै मानिएको उपलब्धि हात पार्न सक्नुपर्छ । बुधबार ओलम्पिकमा नेपाललाई ऐतिहासिक पदक दिलाएकी पलेसा गोवर्द्धनलाई नगर परिक्रमा गरेर सम्मान गरिएको छ । फ्रान्सको पेरिसमा सन् २०२४ पारालिम्पिक्सको के ४४ क्याटेगोरी ५७ केजीमा कांस्य जितेपछि पलेशाले इतिहास रचिन् ।

६ दशक लामो ओलम्पिक यात्रामा यो नै पहिलो पदक थियो । पदक लिएर स्वदेश फर्किएकी उनलाई बुधबार बिहान त्रिभुवन विमानस्थलमा भव्य स्वागत गरिएको छ । बिहानै विमानस्थलमा खेलाडी, प्रहरी, नेपाल एपीएफ क्लब, समर्थक, शुभचिन्तक, कराते तथा तेक्वान्दोका खेलाडी, मिडिया र संघका पदाधिकारीको भीड थियो ।

सधैंजसो विमानस्थलमा विदेश जान लागेकाहरुलाई बिदा गर्न पुगेकाहरुको आँखामा आँसु देखिन्थ्यो । बुधबार बिहान भने खुसी र उत्साहको भीडले भरिएको थियो । ब्याण्ड बाजागाजा, खादा, माला, फूल र अबिर लगाइदिनेको उनलाई भीड थियो । पलेशालाई स्वागत गर्न तेक्वान्दोको सेतो जर्सीमा विमानस्थल पुगेका स-साना बालबालिकाले पनि धेरैको ध्यान तानेको थियो । विमानस्थलमा भव्य स्वागतपछि र्‍याली सुरु भयो । भ्यानमा पलेशासँगै खेलकुदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ पनि चढे ।

एपोर्ट, गौशाला, पुरानो बानेश्वर, मैतीदेवी, डिल्लीबजार, बागबजार, भद्रकाली, शहीदगेट, त्रिपुरेश्वर हुँदै राखेपको नयाँ भवनको प्राङ्गणमा पुगेर सभामा परिणत भयो । ऐतिहासिक पदक जितेकाले देशमा राम्रै स्वागत होला भन्ने पलेशालाई पनि पूर्वानुमान थियो । तर यति भव्य होला भन्ने चाहिँ लागेको थिएन । 'नेपालका लागि पहिलो पदक हो । सबै जना खुसी हुनुहुन्छ भन्ने थियो, तर यस्तो स्वागत अपेक्षा थिएन', उनले खुसी साटिन् । बुधबार नै काठमाडौं महानगरपालिकाले नगद ५ लाख रुपैयाँसहित सम्मान गरेको छ भने राष्ट्रपति रामचन्द्र पौडेलले पनि शीतलनिवासमै बोलाएर सम्मान गरेका छन् । खेलाडीले पदक जितेर आउँदा यसरी नै सम्मान गर्ने गरिएको छ । नेपाली खेलकुदमा पछिल्लो एक दशकमा सन् २०१४ मा टी-२० विश्वकपमा छनोट, २०१६ मा बंगबन्धु गोल्डकप उपाधि, २०१९ मा १३ औंसागका पदक विजेता, २०२३ को एसियाडमा रजत जितेपछि एरिका गुरुङलाई नगर परिक्रमा गराइएको थियो ।

तर पदक जित्दा सम्मान गर्ने, धेरथोर नगद पुरस्कार दिने, त्यसपछि बिर्सिने जस्तो भएको छ । पदक जित्न गर्नुपर्ने पूर्व तयारीमा भने फिटिक्कै ध्यान पुग्ने गरेको छैन । पलेशा स्वयंलाई पनि ओलम्पिक खेल्न सरकारले खर्च दिने भनिएको थियो । उनी पदक जितेर आइसक्दा पनि त्यसको कुनै टुंगो छैन । पलेशाले नेपाल तेक्वान्दो संघको सहयोगमा म्यानचेस्टर (इंग्ल्याण्ड) मा एक महिना अभ्यास गर्ने मौका पाएकी थिइन् । जिबी तेक्वान्दोमा गरेको अभ्यासले ठूलो सहयोग मिलेको पलेशाको अनुभव छ ।

प्रशिक्षक कविराज नेगी लामाका अनुसार जिबी तेक्वान्दोमा अभ्यास गरेका दुई जनाले पारालिम्पिक्समा स्वर्ण पदक जितेका छन् । पारामा सबैभन्दा बढी मेडल जितेको इरानमा जाने योजना थियो । त्यो सम्भव नभएपछि म्यानचेस्टर जाने तय भएको थियो । पलेशा र अर्का पारा खेलाडी भरतसिंह महताले त्यहाँ नियमित ट्रेनिङ गर्नुका साथै एक्स्पोजर म्याचहरु खेले । त्यही अभ्यास गरेका बेलायतका तेक्वान्दो खेलाडीहरुले भन्थे, 'हामी त गोल्ड ल्याउँछौं नै, पलेशाले पनि ल्याउँछे ।'

यसले पनि नेपाली खेलाडीहरुमाथि लगानी गर्ने हो भने पदक धेरै टाढा छैन भन्ने देखाउँछ । सागमा दुई स्वर्ण जिताउने तेक्वान्दोकी आयशा शाक्यका अनुसार यसरी गरिने सम्मानले अरुलाई पनि यस्तो चेयरअप र फ्यान फलोअर हुदोर हेछ, म पनि खेलाडी चाहन्छु भन्ने आश त जगाउँछ । तर त्यसरी आएका खेलाडीहरुलाई टिकाइराख्न भने सरकारसँगै निजी क्षेत्रले लगानी पनि गर्नुपर्छ ।

'सरकार र सम्बन्धित निकायले सधैं पैसा छैन भन्छन्', नेपाललाई १३ औं सागमा दुई स्वर्ण जिताउने तेक्वान्दोकी आयशा शाक्यले भनिन्, 'अहिलेको लगानीले कास्य जित्यौं । अझै राम्रो ट्रेनिङ, एक्स्पोजर दिने हो भने स्वण नै आउथ्यो कि !' उनका अनुसार अहिले पनि कुनै प्रतियोगिता हुने भयो भने दुईचार हप्ता अगाडि मात्र ट्रेनिङ गराउने परम्परा छ । पदकको आश गर्ने हो भने त्यसलाई अन्त्य गर्नुपर्छ ।

खेलाडीहरु विकट ठाउँबाट आएका हुन्छन्, उनीहरुलाई काठमाडौंमा बस्नै कठिन छ । खेलाडीलाई न्यूनतम सेवा सुविधा समेत छैन । अहिलेसम्म जुनसुकै खेल खेलाडीहरुको प्यासनमा टिकेको छ भन्दा फरक पर्दैन । 'प्रतिभावान् खेलाडीलाई संरक्षण गर्ने नीति बनाउन सक्यौं भने पलेशा जस्ता धेरै खेलाडी हामीले जन्माउन सक्छौं', आयशाले भनिन् ।

*(स्रोत: अनलाइनखबर)*

# गण्डकीमा मन्त्री छनोटप्रति एमालेभित्र चर्को असन्तुष्टि

पोखरा/केन्द्रमा गठबन्धन बनेको डेढ महिनासम्म गण्डकी सरकारमा एमाले सहभागी भएन । तर जब एमाले सहभागी भयो, मन्त्री छनोटलाई लिएर संसदीय दलका नेता खगराज अधिकारीप्रति चर्को असन्तुष्टि देखिएको छ । दुई वटा मन्त्रालय पुटाएर ४ वटा एमालेलाई दिन सहमत भएपछि अधिकारीले सोमबार बिहान मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई मन्त्रीहरुको नाम बुझाएका थिए ।

अधिकारीले मन्त्री बनाउन चाहेकाहरुलाई तयार रहन भनेका थिए, तर अरु सदस्य बेखबर थिए । मन्त्रीका आकांक्षीहरुमध्ये एक सांसद भन्दै थिए, 'खगराज माननीयज्यूले आजसम्म जोगाएकै नैतिकता हो, आफूसँग नजिक भएका व्यक्तिलाई रोजे पनि विरोधै गर्ने पात्र रोज्नुहुन्नँ ।'

गण्डकीमा मन्त्री हुनेको नाम सार्वजनिक भएदेखि एमाले वृत्तमा ठूलै आक्रोश देखिएको छ । एमालेकै पोलिटब्युरो सदस्य, केन्द्रीय सदस्य र उनकै समूहका पनि एमालेभित्र लामो समयदेखि त्याग गरेका आकांक्षी हुँदाहुँदै राप्रपाबाट प्रवेश गर्नेबित्तिकै सांसद पाएका प्रकाशबहादुर केसीलाई मन्त्री बनाएको असन्तुष्ट देखिएका छन् । खगराजले उनलाई मन्त्री मात्रै बनाएनन्, नेतृत्व गरेर जाने पद्रुमा जिसी श्रेष्ठलाई कृषि मन्त्रालय दिएर सरकारको करिब ६० प्रतिशत बजेट भएको शक्तिशाली भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री नै बनाइदिए ।

पछिल्लो एक हप्तादेखि एमालेबाट मन्त्री बन्नेहरुको सम्भाविन नाममा प्रकाशबहादुर पनि थिए । तर एमालेकै नेताहरुले खगराजले त्यत्तिसम्म चाहिँ नगर्ने बताइरहे । उनीहरुको भरोसा थियो, 'एक त केसीलाई खगराजले मन्त्री नै बनाउँदैनन्, बनाइहाले भने पनि भौतिक पूर्वाधार चाहिँ बनाउँदै बनाउँदैनन् ।' तर संसदीय दलका नेता अधिकारीले त्यही गरेपछि नेता कार्यकर्ताले असन्तुष्टि पोखेका छन् । राप्रपाबाट खाद्य संस्थानको अध्यक्ष भएका केसीलाई समानुपातिक सांसद बनाएकै बेला विरोध भएको थियो । अहिले उनैलाई भौतिक पूर्वाधार मन्त्री बनाइएको छ ।

समूह वा गुट नमिलेकै कारण योगदान, त्याग र संगठन बनाएका नेताहरुलाई पन्छाएको र स्वार्थ बाझिने गरी शक्तिशाली मन्त्री बनाएको उनीहरुको आरोप छ । 'उहाँलाई के कुरा आइलाग्यो र एक से एक सांसद हुँदा हुँदै केसीलाई नै भौतिक पूर्वाधारजस्तो शक्तिशाली मन्त्री बनाउनुपऱ्यो ?', खगराज पक्षकै एक सांसदले भने, 'कि उहाँले पार्टी पंक्तिलाई विश्वास दिलाउनुपऱ्यो, होइन भने प्रश्न उठिरहन्छ ।' एमाले संसदीय दल सचेतक देवका पहारीले सांसद रहेका जो कोही मन्त्री बन्नसक्ने भएपनि जनताले पनि परीक्षण गरिरहेका हुँदारहेछन् भन्ने देखाएको टिप्पणी गरेकी छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com



# उकालो लाग्दै थाहाको सकारात्मक सूचक



साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ मकवानपुर थाहा नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा भएको छ । पालिकाको आयोजनामा पालुङ जेसीज सभाहलमा समीक्षा भएको हो ।

थाहा नगरप्रमुख विष्णु विष्टको अध्यक्षतामा भएको समीक्षामा नगरप्रमुख, वडाध्यक्ष तथा कार्यपालिका सदस्य र अन्य जनप्रतिनिधिको समेत उपस्थिति रहेको थियो । समीक्षामा प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले कार्यक्रमको उद्देश्यको विषयमा जानकारी गराएका थिए । समीक्षामा थाहा नगरपालिकाका शाखा तथा वडा कार्यालयले प्रस्तुतिकरण गरेका थिए ।

कार्यक्रममा वडासचिवले राजश्व संकलन, कार्यक्रम कार्यान्वयन, भौतिक तथा वित्तीय प्रगतीको विषयमा प्रस्तुतिकरण गरेका थिए । सचिवले वडा कार्यालयको उपलब्धी, समस्या र चुनौती उल्लेख गरेका थिए । सो अवसरमा थाहा नगर पालिकाका शिक्षा, स्वास्थ्य, कृषि, पशुविकास, योजना, सामाजिक विकास, वन तथा वातावरण, उद्योग तथा राजश्व, जिन्सी, आर्थिक प्रशासनलगायत शाखाप्रमुखले पनि वर्षभरको कार्यक्रम र प्रगतिको विषयमा प्रस्तुतिकरण गरेका थिए ।

कार्यक्रममा वडा र शाखाले प्रस्तुत गरेको उपलब्धी, समस्या र चुनौतीको विषयमा छलफल भएको थियो । नगरप्रमुख विष्टले कार्यक्रम कार्यान्वयनका क्रममा भएका उपलब्धी सहितको छलफलले आगामी योजनातर्जुमा र कार्यान्वयनका लागि सहज हुने बताए । पालिकाको समग्र उपलब्धीलाई उठाउनका लागि वडा तथा शाखाको कार्यसम्पादन महत्वपूर्ण हुने बताए । उपप्रमुख भरत गोपालीले योजनाको अनुगमन मूल्यांकन जस्तै समग्र पालिकाको कामको समीक्षाले मूल्यांकन हुने बताउँदै यस कार्यक्रमले आगमी दिनका लागि थप स्तरीय बनाउन सघाउ पुग्ने बताए ।

प्रमुख प्रशासकीय अधिकृत गिरीले पालिकाका वडा तथा शाखाले गरेको कार्यको प्रशंसा गरे । गतवर्षको तुलनामा पालिकाले आन्तरिक राजश्व व्यवसाय दर्ता तथा नवीकरण, योजना कार्यान्वयन लगायतको सूचकमा हासिल गरेको उपलब्धी प्रसंशनीय भएको बताए । उनले यसकार्यमा सघाउ पुऱ्याउन पालिका नेतृत्व, जनप्रतिनिधि कर्मचारी सबैको सहयोग रहेको औंल्याए । समीक्षा कार्यक्रमको अवसरमै वार्षिक प्रगति समीक्षा सार्वजनिक गरिएको छ ।

## आलु बीजवृद्धिका लागि किसानसँग प्रस्ताव माग

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ मकवानपुरको थाहा नगरपालिकाले आलु बीजवृद्धि कार्यक्रमको लागि प्रस्ताव खुलाएको छ । पालिकाको कृषि विकास शाखाले ९ भाद्रमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरेको हो ।

आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार पालिकाले ५० प्रतिशत अनुदानमा संचालन गरिने कार्यक्रमका लागि प्रस्ताव आव्हान गरेको हो । नगर पालिकाको दुई क्लष्टरमा सञ्चालन गरिने कार्यक्रमका लागि २ लाख ९३ हजार अनुदान बजेट रहेको छ । इच्छुक किसानले ८ असोजसम्म नगरपालिकाको कृषि विकास शाखामा प्रस्ताव पेश गर्न सकिने सूचनामा उल्लेख छ ।

प्रस्ताव पेश गर्नका लागि कृषि सहकारी, फर्म तथा कृषक समूहले आफ्नो आधिकारिक निवेदन, फर्म, सहकारी वा कृषक समूह दर्ताको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, वडा कार्यालयको सिफारिस र बीउ उत्पादनसम्बन्धी ५ वर्षे बाली उत्पादनचक्र तथा जग्गाको क्षेत्रफल, स्वामित्व वा भोगचलन खुल्ने कागजातको प्रतिलिपि पेश गर्नुपर्ने शाखाप्रमुख संजय तिवारीले जानकारी दिए ।

## थाआनगरमा सेयर अभिमुखीकरण तालिमको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/लियो क्लब अफ पिस थाहानगरको आयोजनामा भदौ २२ गते सञ्चालन हुने १ दिने सेयर अभिमुखीकरण तालिमको तयारी पूरा भएको छ ।

शनिवार थाहानगरको जेसीज हलमा हुने तालिमाको लागि नाम दर्ता गर्ने क्रममा रहेको क्लवका सचिव अजय कार्कीले बताए । सचिव कार्कीले तालिममा १ सय जनालाई सहभागी गराईने भएकोले छिट्टै नाम दर्ता गराई सिट सुरक्षित गर्न ईच्छुक ब्यक्तिलाई अनुरोध गरे । सेयर अभिमुखीकरण तालिमको नेपाली सेयर बजारका बिज्ञ सुबासचन्द्र भट्टराइले सहजीकरण गर्ने आयोजकले जानएको छ । भट्टराई लामो समयदेखि नेपाली सेयर बजारमा सक्रिय छन् ।

भट्टराइको अनुभव नयाँ लगानीकर्ता र सेयर बजारको बिषयमा चासो राख्नेहरुका लागि उत्प्रेरणा हुने भएकोले तालिमको आयोजना गरिएको क्लवका सचिव कार्कीले बताए । शनिबार बिहान १० बजेदेखि तालिम सञ्चालन हुने भएकोले तालिममा सहभागी हुनको लागि ईच्छुक ब्यक्तिलाई क्लवका अध्यक्ष शिशिरकुमार खत्रीले आग्रह गरेका छन् ।

तालिममा सेयरसम्वन्धी आधारभूत ज्ञान, समसामथिक जानकारी र परामर्श दिइने भएकोले सेयरबजारका बिषयमा जानकारी लिन चाहने सबैको लागि तालिम उपयुक्त हुने क्लवका पूर्वअध्यक्ष कमल बिष्टले बताए । सेयर बजारमा लगानी गर्नुपूर्व बजार, कम्पनी लगायतको बारेमा बुझेर लगानी गर्दा प्रतिफल राम्रो हुने र सेयर बजारमा नयाँ लगानीकर्तालाई प्रोत्सहान गर्न तालिमको आयोजना गरिएको पूर्वअध्यक्ष बिष्टले बताए ।

# डेढ महिनामै ४४ लाख राजस्व संकलन



साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो डेढ महिनामा ४४ लाख ६९ हजार ५ सय १ रुपैयाँ राजस्व संकलन गरेको छ ।

यो रकम गतवर्षको सोही अवधिको तुलनामा ६० प्रतिशतभन्दा बढी हो । कार्यालयका प्रमुख प्रहरी निरीक्षक केशव अधिकारीका अनुसार साउन महिनामा ४ हजार १०७ र भदौ १५ गतेसम्म १ हजार ७७९ सवारी साधनलाई कारबाही गरी यो राजस्व संकलन गरिएको हो । यस वर्ष ट्राफिक नियम उल्लंघन गर्नेमाथि कडा कारबाही गरिएको छ । फलस्वरुप सवारी दुर्घटनामा पनि कमी आएको छ ।

चालु आवको डेढ महिनामा ३८ वटा सवारी दुर्घटना भएका छन्, जसमा एक बालकको मृत्यु भएको छ । प्रहरीनिरीक्षक अधिकारीले भने, 'हामीले ट्राफिक नियम र दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रमसँगै ट्राफिक जाँचमा कडाइ गरेका छौं । गत आवमा मात्रै करिब २ लाख जनालाई ट्राफिक नियमसम्बन्धी सचेतनामूलक सहजीकरण गरेका छौं ।'

उनका अनुसार बढ्दो सवारी चाप, साँघुरो सडक, चालकको लापरबाही र छाडा पशुचौपायाका कारण दुर्घटना हुने गरेकोले यी विषयमा पनि सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन् । यस कदमले राजस्व संकलनमा वृद्धि भएको र दुर्घटना न्यूनीकरणमा सहयोग पुगेको अधिकारीको दाबी छ ।

## हेटौंडामा विद्युत् चुहावट एक प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/हेटौंडा उपमहानगरपालिका क्षेत्रमा विद्युत् चुहावट एक प्रतिशतमा झरेको छ । विद्युत् चुहावट नियन्त्रण अभियान अन्तर्गत हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेको मिटर परिवर्तन र विद्युत् मिटर रिडिङमा सुधारलगायत प्राधिकरणको प्रणाली सुदृढीकरण भएसँगै आर्थिक वर्ष २०८०/८१ मा ५.६७ प्रतिशतले विद्युत् चुहावट घटेको हो ।

हेटौंडाक्षेत्रमा गत आव २०७९/८० मा ६.६७ प्रतिशत विद्युत् चुहावट हुँदै आएकोमा आव २०८०/८१ मा विद्युत् चुहावट एक प्रतिशतमा झरेको विद्युत् प्राधिकरण वितरण केन्द्र हेटौंडाका प्रमुख ई.शिवराम यादवले बताए । आव २०८०/८१ मा विद्युत् चुहावट नियन्त्रण अभियानका क्रममा चुहावट गर्ने ग्राहकमाथि कारबाही गर्दा दुई लाख २९ हजार ३७९ महशुल संकलन भएको कार्यालयले जनाएको छ ।

यस्तै लामो समयदेखि विद्युत् महसुल नतिर्ने दुई हजार १९६ ग्राहकको विद्युत् लाइन काटिँदा दुई हजार ११७ ग्राहकले पुनः विद्युत् जडान गराएको र त्यसबाट पाँच करोड ६५ लाख ८० हजार ४४३ बक्यौता असुली भएको प्रमुख यादवले जानकारी दिए । अभियान सुरु भएपछि महसुल संकलनमा सुधार भएको छ ।

## मकवानपुरमा स्क्रब टाइफ्सका १२३ जना बिरामी

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ मकवानपुरमा स्क्रब टाइफ्सका बिरामी बढ्न थालेका छन् । गत साउनदेखि हालसम्म मकवानपुरमा स्क्रब टाइफ्सका १२३ जना बिरामी फेला परेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

हेटौंडा उपमहानगर पालिकामा ४५ महिला र २७ पुरुष गरी ७२ जनामा स्क्रब टाइफ्सको संक्रमण पुष्टि भएको छ । यस्तै, मकवानपुरगढी गाउँपालिकामा ११ महिला र ४ पुरुष गरी १५ जना, बागमती गाउँपालिकामा एक जना पुरुष, कैलाश गाउँपालिकामा एक जना महिला, मनहरी गाउँपालिकामा ३ पुरुष र ७ जना महिला गरी १० जना स्क्रब टाइफ्सको संक्रमण पुष्टि भएको छ ।

यसैगरी, इन्द्रसरोवर गाउँपालिकामा एक जना महिला, भीमफेदी गाउँपालिकामा ८ जना महिला, बकैया गाउँपालिकामा ६ पुरुष र ६ महिला गरी १२ जना, राक्सिराङ गाउँपालिकामा एक जना महिला र अन्य जिल्लाका दुई जनामा स्क्रब टाइफ्सको संक्रमण पुष्टि भएको छ । थाहा नगरपालिकामा भने हालसम्म स्क्रब टाइफ्सको बिरामी फेला नपरेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । माइट नामक कीर्नाको टोकाइबाट स्क्रबटाइफ्स हुने भएकाले सरसफाईमा विशेष ध्यान दिनुपर्नेमा स्वास्थ्यकर्मीले जोड दिएका छन् । झाडी, झ्याङ भएका ठाउँमा माइट बस्ने भएकाले सकभर त्यस्तो ठाउँमा नबस्न स्वास्थ्यकर्मीले आग्रह गरेका छन् ।


सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पऱ्यो विदेश ?

हामी कहाँ आउनूस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhabahini Moto Corp Pvt. Ltd.

९८०५३७८३१, ९८०५३७७०८, ९८०५३७७०५



विपद व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्दार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
Madan Bhandari Academy of Health Sciences
(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७३ अन्तर्गत स्थापित)
हेटौंडा अस्पताल संचालन तथा व्यवस्थापन समिति २०७७

सूचना ! सूचना ! सूचना !

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आइतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

**देहाय**

१. E.H.S. ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S. ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजेदेखि ६:०० बजेसम्म
३. E.H.S. ओ.पि.डी. मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसुतिरोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नसा तथा हाईजोर्नी रोग ओ.पि.डी.
- अन्य
  - भिडियो X-ray सेवा
  - प्याथोलोजी सेवा

३. E.H.S. ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन

**पुनश्च:** सार्वजनिक बिदाको दिनहरुमा E.H.S. ओ.पि.डी. सेवा संचालन हुने छैन ।



नारायणी यातायात व्यवसायी संघको अत्यन्त जरूरी सूचना !

*(मिति २०८१/०५/१७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा समेत प्रकाशित भईसकेको)*

यातायात क्षेत्रसंग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने भनि नेपाल सरकार, मन्त्री परिषद्ले मिति २०७५/०१/०४ गते निर्णय गरेपश्चात यस संघको नियमित रुपमा हुनुपर्ने अधिवेसन अवरुद्ध भई आएकोमा सोही मन्त्री परिषद्को निर्णयका विरुद्धमा यस संघ समेत सदस्य रहेको नेपाल ट्रक यातायात व्यवसायी महासंघले सम्मानित सर्बोच्च अदालतमा रिट दायर गरेकोमा मिति २०८०/१२/२० गते रिट जारी हुने भनि फैसला गरेको हूदा निकट भविष्यमा नै यस संघको ३६ औं वार्षिक साधारण सभा र १६ औं अधिवेसन हुन गईरहेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै, यस संघका सदस्य महानुभावहरुले संघको विधान मुताविक २०८१ असोज मसान्तभित्रमा आफ्नो सदस्यता नविकरण गरी मतदाता परिचयपत्र लिनुहुन समेत यस संघको मिति २०८१/०५/०९ गतेको कार्यसमितिको निर्णय बमोजिम जानकारी गराईन्छ ।

सरोज कुमार खनाल
(महासचिव)
नारायणी यातायात व्यवसायी संघ
मुख्य कार्यालय, हेटौंडा, फोन नं. ०५७-५२०६७०



DFSK EC 36

" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "



हाम्रो ई.भी. सेवा

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४५,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८

सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी

मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०

पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना